मार्च २३, २०२०

मार्च १०, २०२० मा, कोलोराडो राज्यको गभर्नरले नोबेल कोरोनाभाईरस, जसलाई अहिले COVID-19 नाम दिइएको छ, यो फैलिने जोखिमको कारणले राज्यभरि आपतकालिन अवस्थाको घोषणा गर्दै एउटा कार्यकारी आदेश जारी गरेको छ ।

मार्च १२, २०२० मा, शहरको मेयर तथा डेन्भरको काउण्टीले COVID-19 फैलिने जोखिमको कारणले गर्दा, C.R.S. § 24-33.5-701, *et seq.* अनुसार स्थानीय प्रकोप आपतकालिनको अवस्था घोषणा गरेको छ, जुन मार्च १६, २०२० मा, COVID-19 फैलिने जोखिमले मे ११, २०२० मार्फत डेन्भरको शहर र काउण्टीको लागि शहर परिषदले मार्च १६, २०२० मा विस्तार गरेको थियो ।

मार्च १३, २०२० मा, सार्वजनिक स्वास्थ्य तथा वातावरणको डेन्भर विभाग ("DDPHE") को कार्यकारी निर्देशकले, डेन्भर संशोधित नगरको नियमावलीको खण्ड २४- १६ अनुसार, COVID-19 फैलिने कुरालाई घटाउन केही सुविधाहरुमा सीमित पहुँचमा प्रतिबन्ध गरेको छ ("मार्च १३ DDPHE आदेश")।

मार्च १५, २०२० मा, रोग नियन्त्रण केन्द्र ("CDC") ले सबै ठूल ा कार्यक्रम र ५० जना मानिसहरुको ठूलो जमघट वा बढी रद्द वा COVID- 19 फैलन कम गर्न आठ हप्ता स्थगित गरिएको छ ।

मार्च १६, २०२० मा, डेन्भरको सार्वजनिक स्वास्थ्य तथा वातावरणको कार्यकारी निर्देशकले, डेन्भरको संशोधित नगर नियमावली खण्ड २४-१६ को अनुसार, मार्च १५, २०२० CDC सिफारिशदेखि एक ठाउँमा बसेर रेष्टुरेन्टमा खाना तथा पेय-पदार्थ उपभोग गर्ने तथा बृहत भेला गर्ने वा एउटा क्षेत्रमा धैरै नगर्ने सहित वा सीमित रहेको र एउटा क्षेत्रमा ५० जना मानिस वा सोभन्दा बढि मानिसहरुलाई ठूलो भेला गर्नलाई प्रतिबन्ध गरेको छ ("मार्च १६ DDPHE आदेश") ।

मार्च १६, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरणको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित विधान § § 25-1.5-101 (1) (a) र 25-1.5-102 (1) (a) (I), सार्वजनिक स्वास्थ्य आदेश २०-२२ को सूचनाद्वारा बन्द बार, रेस्टुरेन्ट, थिएटर, व्यायामशाला र क्यासिनो
मार्च १७, मार्च १८, र मार्च १९, २०२० ("मार्च १६ CDPHE आदेश") ।

मार्च १८, २०२० मा, कोलोराडो राज्यको गभर्नरले COV1D-19 सुरु भएको कारणले आदेस संशोधन भएको कारणले कोलोराडो राज्यमा रहेका सबै सार्वजनिक तथा निजी प्राथमिक र माध्यमिक विद्यालयहरुमा नोनाल व्यक्तिगत निर्देशनको निलम्वन गर्ने आदेश दिँदै कार्यकारी आदेश जारी गरेको छ (" मार्च १८ गभर्नर EO") ।

डेनभर डिपार्टमेन्ट अफ पब्लिक हेल्थ एण्ड इन्भाइरोमेन्ट
101 W Colfax Ave, Suite 800 I Denver, CO 80202
www.denvergov.org/PublicHealthandEnvironment
p.720 -913 -1311 I f. 720-8 65-5531 I @DDPHE

मार्च १८, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित विधान § § 25-1.5-101(1)(a) र 25-1.5-102 (1) (a) (I) अनुसार, COVID-19 भाईरस फैलिन कम गर्नको लागि (१०) जना भन्दा बढि मानिसहरुलाई भेला हुन रोक्न कार्यान्वयन गर्ने सामाजिक दूरीको उपायहरु जारी गरेको छ।
मार्च १८, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित विधान § § 25-1.5-101 (1) (a) र 25-1.5-102 (1) (a) (I) अनुसार,



सामाजिक दूरीको आदेशबाट छूट रहेका क्रियाकलाप र कार्यहरु थप स्पष्ट गर्नको लागि मार्च १८ CDPHE आदेश संशोधन गरिएको छ, आवश्यक नरहेको व्यक्तिगत सेवा सुविधा र रेस ड्र्याक र अफ ड्र्याक परि-म्यूचुअल वागरिङ सुविधाहरु समावेश गर्नुको साथसाथै रातीको खानाभन्दा खानेकुराको सेवामा उच्च शिक्षाका संस्थाहरुलाई छूट दिन प्रमाणित गरिएको छ, व्यायामशालाको परिभाषा थप्न र अप्रिल ३०, २०२० मार्फत मार्च १६ CDPHE आदेश संशोधन गरिएको छ । ("मार्च १८ CDPHE आदेश") ।

मार्च २१, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित विधान § § 25-1.5-101(1)(a) र 25-1.5-102(1)(a)(I) अनुसार, आवश्यक नरहेको व्यक्तिगत सेवा सुविधा र रेस ड्र्याक र अफ ड्र्याक परि-म्यूचुअल वागरिङ सुविधाहरु समावेश गर्नुको साथसाथै रातीको खानाभन्दा खानेकुराको सेवामा उच्च शिक्षाका संस्थाहरुलाई छूट दिन प्रमाणित गरिएको छ, व्यायामशालाको परिभाषा थप्न र अप्रिल ३०, २०२० मार्फत मार्च १६ CDPHE आदेश संशोधन गरिएको छ। ("मार्च १८ CDPHE आदेश") ।

मार्च २२, २०२० मा कोलोराडोको राज्य सरकार गभर्नर मानिस नै गएर काम गर्ने समूह ५०% ले घटाएर कार्यस्थल संकटरहित बनाउने र राज्यमा COVID-19 को उपस्थितिको कारणले संभवभएसम्मको टाढा बसेर काम गर्ने क्षमता लागू गर्न आदेशसहित कार्यकारी आदेश D2020-013 जारी गरेको छ। ("EO D2020-013)

मार्च २२, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित विधान § § 25-1.5-101(1)(a) र 25-1.5-102(1)(a)(I) अनुसार, EO D2020-013 को निर्देशनबाट छुट भएका नाजुक अवस्थामा आपतकालिन क्षेत्रमा काम गर्ने कर्मचारी, कुनै योजनाको पूर्वाधार, सरकारी कामकाज, र अन्य क्रियाकलापको परिभाषा दिदैं एउटा आदेश पनि जारी गरेको छ। ("मार्च २२ CDPHE आदेश") ।

## आदेशको आवश्यकता

यो आदेश विशेषगरि सरुवा रोग एकअर्कामा सर्ने दर घटाउन र विशेषगरि COVID-19, र डेन्भरको जनसंख्याको विशेष भागको उमेर, अवस्था र स्वास्थ्यमा COVID-19 बाट, मृत्युसहित गम्भीर स्वास्थ्य जटिलताको रहेको प्रमाण र डेन्भरभित्र COVID-19 को बढिरहेको घटनाको प्रमाण, वैज्ञानिक प्रमाण र सबैभन्दा प्रभावकारी दृष्टिकोणसँग सम्बन्धित चलिआएका सबैभन्दा राम्रा अभ्यासहरुमा आधारित रहेर जारी गरिएको हो। सर्वसाधारण जनतामा COVID-19 भाईरस देखिएको कारण,

जुन अहिले विश्व स्वास्थ्य संगठनका अनुसार अहिले संक्रामक रोग भएको छ, अहिले डेन्भर र कोलोराडो राज्यभरि सार्वजनिक स्वास्थ्यमा आपतकालिन अवस्था आएको छ ।

समस्या झन जटिल बनाउँदै COVID-19 भाईरस लागेका केही मानिसहरुको कुनै पनि लक्षण देखिएको छैन र थोरै सामान्य लक्षणहरु मात्रै देखिएको छ, जसको मतलब तिनीहरुलाई आफूसँग भाईरस छ भन्ने कुरामा सचेत छैनन् । किनभने लक्षण नै नदेखिएका मानिसहरुबाट पनि रोग सार्न सक्दछ, साथै प्रमाणले रोग सजिलै फैलन सक्ने र जमघट गर्दा रोकथाम गरेतापनि रोग सर्ने गर्दछ । वैज्ञानिक प्रमाणले यस आपतको घडिमा आत्तिएका मानिसहरुमा सम्भवभएसम्म सकेसम्म धैरै सर्न सक्ने अवस्थाबाट बचाउन र स्वास्थ्य हेरचाह प्रणाली कायम राख्न भाईरस घट्ने दर घटाउन आवश्यक रहेको छ । सर्ने क्रम घटाउने एउटा प्रमाणित बाटो भनेको व्यवहारिक भएको अवस्थासम्म मानिसहरुको बिचमा भेटघाट र अन्तर्क्रिया कम गर्नुपर्दछ । COVID-19 भाईरस फैलने दर घटाएर, यो आदेशले डेन्भरमा जटिल र सीमित स्वास्थ्य हेरचाह क्षमतालाई बचाउन पनि मद्दत गर्दछ ।



यो आदेश डेन्भरमा COVID-19 को पुष्टि भएको १४८ घटनाहरु देखिएपछि र कम्तिमा ५९१ पुष्टि भएका घटनाहरु र कम्तिमा शनिबार, मार्च २३, २०२० तारीख १०: ०० बजेसम्ममा समुदायमा मानिसहरुमा सरिरहेको महत्वपूर्ण र बढि रहेको रोग लागेको शंकास्पद घटना र सम्भावित रोग सरेको थप घटनाहरुले गर्दा कोलोराडो राज्यमा कम्तिमा सात वटा मृत्युको घटना देखेपछि जारी गरिएको छ । COVID-19 को जतातत्तै परीक्षण गर्ने क्षमता अहिलेसम्म पनि उपलब्ध भएको छैन तर आउँदो हप्तामा थप ठाउँमा बृद्धि गर्ने योजना बनाइएको छ । अहिले फैलिरहेको दरलाई कम गर्नको लागि यो आदेश महत्वपूर्ण रहेको छ, र कार्यकारी निर्देशकले, मेयरको समन्वयमा थप तथ्याङ्क उपलब्ध हुने भएकोले यसलाई पुनः मुल्याङ्कन गर्दछ ।

## आशय

यस आदेशको आशय भनेको सर्वसाधारणको स्वास्थ्य र सुरक्षाबाट बचाउन र सामाजिक र व्यापारिक जीवनको निरन्तरताको लागि आवश्यक सेवा, व्यवसाय र हिँडडुल निरन्तर गर्न धेरैभन्दा धेरै मानिसहरु COVID-19 फैलिने मात्रा सकेसम्म कम होस् भनेर व्यवहारिक रुपमा बढि मानिसहरु आफैं एकान्त ठाउँमा वा सेल्फ-आईसोलेसनमा बसुन् भनेर सुनिश्चित गर्नको लागि हो ।

जब मानिसहरुलाई आफू बसिरहेको ठाउँ छोड्न पर्दछ, चाहें त्यो महत्वपूर्ण सेवाहरु प्राप्त गर्न वा अरुलाई दिन होस्, वा निरन्तर सामाजिक वा व्यवसायिक जीवनका आवश्यक आधिकारिक गतिबिधिहरु गर्नका लागि होस्, तिनीहरु तलको **खण्ड ६** मा परिभाषित गरिएअनुसार सामाजिक दूरीको आवश्यकताहरु सम्भवभएसम्म जतिबेलामा पनि उचित ढंगले पालना गर्नुपर्दछ । यस आदेशलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नको लागि यस आदेशका सबै प्रावधानहरु उल्था गरिनुपर्छ । यो आदेशको कुनै पनि प्रावधानहरु पालना गर्न असफल भएमा मानिसहरुलाई रोगले तुरुन्तै हमला गर्नेछ र सर्वसाधारणको स्वास्थ्यमा तुरुन्तै डर लाग्ने संभावना धैरै हुन्छ ।

## आदेश

यसकारण सार्वजनिक र निजी स्वास्थ्य सेवा प्रदायकहरुको क्षमतालाई बचाउन COVID-19 भाईरस घटाउन आवश्यक रहेको छ, नयाँ बिरामीहरुलाई यो रोग सर्न नदिने र सर्वसाधारणहरुको स्वास्थ्य कायम राख्न, र हाम्रा सदस्यहरुसहित समुदायका सबै सदस्यहरु र स्वास्थ्य सेवा प्रदायकहरुलाई पनि रोग फैलिने जोखिममा आवश्यक कदम चालिहाल्न र COVID-19 को सबैभन्दा

नराम्रो संक्रमणबाट बचाउनको लागि, यो "**<u>घरमा बस्नुहोस्</u>"** ("आदेश") को लागि शहर र डेन्भरको काउण्टीका सबै माननिसहरुलाई एक ठाउँमा बसोबास गर्न आवश्यक रहेको छ – त्यो भनेको, – आवश्यक व्यवसायिक, र सरकारी सेवाहरु वा आवाससहितको सार्वजनिक पूर्वाधारहरुको निर्माण सेवा प्रदान गर्ने केही आवश्यक क्रियाकलाप र कामहरुको बेलामा बाहेक <u>घरमा बस्नुहोस्</u> ।

राज्यमा आपतकालिन प्रकोपको घोषणा गर्दै गर्भनरको कार्यकारी आदेशमा सहमति जनाउँदै मेयरको स्थानीय प्रकोपको घोषणा, CDS को मार्गनिर्देशन, र डेन्भरको सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकलाई डेन्भर संशोधित नगर संहिता, खण्ड २४- १६ मा  दिइएको आधिकारिताको प्रावधानअनुसार, निम्न कुराहरुको आदेश दिइएको छ ।



१. शहर वा डेन्भरको काउण्टी ("डेन्भर") को जुनसुकै ठाउँमा बसिरहेका मानिसहरुलाई उनीहरुको निवासस्थानमा बस्न आदेश दिइएको छ । मानिसहरु अहिले धेरै जस्तो घरबाहिरको ठाउँ प्रयोग गर्ने गरिरहेका छन्, तिनीहरुले आफ्नो घरभन्दा बाहिर भएको बेलामा कुनै अर्को मानिसभन्दा कम्तिमा पनि छ फिटको सामाजिक दूरी सम्भवभएसम्म उचित ढंगले पुरै समय पालना गर्नुपर्दछ । सबै मानिसहरुले तलको खण्ड ६ मा परिभषित गरेअनुसार आवश्यक गतिबिधि, अत्यावश्यक सरकारी कार्यहरु, वा आवश्यक व्यवसायहरु सञ्चालन गर्नको लागि मात्रै आफ्नो बसोबास छोड्न सक्दछ । घरबारबिहिन मानिसहरुलाई यस खण्डमा छुट रहेको छ, तर बसोबास गर्ने ठाउँ, र सरकारी तथा अन्य कुराहरु जतिसक्दो चाँडो र व्यवहारिक भएसम्म उपलब्ध गर्नको लागि सशक्त ढंगले अनुरोध गरिन्छ (र तिनीहरुको दैनिक कार्य सञ्चालनमा COVID-19 जोखिम न्यूनीकरण अभ्यासहरु प्रयोग गर्न) ।

२. तलको खण्ड ६ मा परिभाषित अत्यावश्यक व्यवसायभन्दा बाहेकको डेन्भरका सबै व्यवसायहरुले, खण्ड ६ मा परिभाषित न्यूनतम आधारभूत कार्यसञ्चालनको समयभन्दा बाहेक डेन्भरभित्र रहेका सबै संस्थाहरुको क्रियाकलापहरु बन्द गर्न आवश्यक रहेको छ । यसलाई स्पष्ट बनाउनको लागि, कर्मचारी वा रोजगारदाताहरु विशेष रुपमा रहेका कामहरु आफ्नो निवासमा रहेर पनि निरन्तर रुपमा सञ्चालन गर्दछ (उदाहरणको लागि घरमा बसेर काम गर्ने) । सबै अत्यावश्यक कामहरुलाई खुल्ला राख्न भनिएको छ । गर्न सकेसम्म, तलको खण्ड ६ मा परिभाषित गरेअनुसार अत्यावश्यक कामहरुमा पनि कुनै ग्राहकहरु लाईनमा बसेको बेलामा, सार्वजनिक स्थानका रोजगारदाता र कर्मचारीले ६ फिटको सामाजिक दूरी कायम गर्नुका साथै सामाजिक दूरीका आवश्यकताहरु पालना गर्नुपर्दछ ।

३. खण्ड ६ मा स्वीकृत गरिएको सीमित उद्देश्यहरुभन्दा बाहेक, एउटा घरको बाहिर र टोलमा बसिरहेका जति पनि संख्यामा रहेका मानिसहरुको सबै सार्बजनिक तथा निजी जमघटलाई प्रतिबन्ध लगाइएको छ । यस आदेशमा रहेको कुनै पनि कुराले घरमा वा बसोबास गर्ने टोलका मानिसहरुको जमघटलाई प्रतिबन्ध लगाउँदछ ।

४. स्कुटर, मोटरसाईकल, अटोमोबाईल, वा सार्वजनिक ट्रान्जिटबाट एकठाउँबाट अर्को ठाउँमा जाने मात्रै नभई, तलको खण्ड ६ मा परिभाषित अत्यावश्यक भ्रमण र अत्यावश्यक गतिबिधिभन्दा बाहेक, प्रतिबन्धित गरिन्छ । मानिसहरुले अत्यावश्यक गतिबिधिहरु गर्न, न्यूनतम आधारभुत कार्यहरु गर्न, वा अत्यावश्यक सरकारी कामकाजहरु गर्नको लागि मात्रै सार्वजनिक ट्रान्जिट प्रयोग गर्न सक्छ । सार्वजनिक ट्रान्जिटको प्रयोग गरेरहेका मानिसहरुले गर्न सकेसम्म तलको खण्ड ६ मा परिभाषित गरेअनुसार सामाजिक दूरीको आवश्यकताहरु पालना गर्नुपर्छ । यो आदेशले अत्यावश्यक क्रियाकलापहरु गर्न, अति आवश्यक कामहरु गर्न, वा आवश्यक सरकारी कामकाज मिलाउन देशमा वा देशबाहिर जान अनुमति दिन्छ ।

५. यसका अतिरिक्त, DDPHE को कार्यकारी निर्देशकले यस आदेश अन्तर्गत विशेषगरि ६० वर्षका असुरक्षित मानिसहरुलाई सुरक्षित राख्न सबै उपलब्ध हुने व्यवहारिक उपायहरु सबै अत्यावश्यक कामहरु गर्न र काम गर्नको लागि छुट्टै समयको तालिका बनाउन बलियो ढंगले प्रोत्साहन गर्दछ ताकी ती मानिसहरुले जनसंख्याका अन्य सदस्यहरुलाई अनादार गर्ने ढंगले कामहरु संरक्षण गर्दछ ।



६. **<u>परिभाषा तथा छुट</u>**

क. <u>आवश्यक क्रिलाकलापः</u> यस आदेशको उद्देश्यको लागि, मानिसहरु कुनै पनि निम्न "आवश्यक गतिबिधिहरु" गर्नको लागि मात्रै आफ्नो बसोबासका क्षेत्रहरु छोड्न सक्छन् । तर COVID-19 रोग लागेर एकदमै धेरै बिरामी भई उच्च जोखिममा रहेका मानिसहरु र बिरामी भएका मानिसहरुलाई मेडिकल हेरचाह खोज्न आवश्यक पर्दा भन्दा बाहेक सम्भवभएसम्म तिनीहरुको निवासमा बस्न अनुरोध गरिन्छ ।

i. तिनीहरुको स्वास्थ्य र सुरक्षाको लागि, वा तिनीहरुको परिवार वा घरको सदस्यहरुको स्वास्थ्य र सुरक्षामा आवश्यक क्रियाकलापमा संलग्न हुन वा कार्यहरु हुनको लागि (घर पालुवाहरुसहित, तर यसमा सीमित हुन), जस्तै, उदाहरण दिने तरिकाले मात्रै र सिमा बिना, मेडिकल आपूर्तिका सामानहरु वा औषधिउपचार, स्वास्थ्य हेरचाह सेवा प्रदान गर्ने पेशाकर्मी, वा घरबाट काम गर्नको लागि आवश्यक रहेका सामानहरुको प्राप्त गर्न ।

ii. तिनीहरु आफैं र तिनीहरुका परिबार वा घरका सदस्यहरुको लागि आवश्यक सेवा वा सामानहरुको आपूर्ति प्राप्त गर्नको लागि, वा अन्य मानिसहरुलाई ती सेवाहरु वा आपूर्तिका सामानहरु पुर्याउनको लागि, जस्तै, उदाहरण दिने तरिकाले मात्रै र सिमा बिना, बट्टाका खानेकुरा, सुख्खा सामानहरु, ताजा फलफुल तथा तरकारीहरु, घरपालुवा जनावरहरुलाई चाहिने सामानहरु, ताजा मासु, माछा, र कुखुरासम्बन्धि

उत्पादनहरु, र कुनै अन्य घरायशी उपभोग गर्ने उत्पादनहरु, र सुरक्षा, स्वच्छता कायम राख्न आवश्यक उत्पादन, र बसोबास गर्ने ठाउँको लागि आवश्यक कार्यसञ्चालनका सामानहरु ।

iii. घरबाहिरका क्रियाकलापहरु गर्दा, यस खण्डमा परिभाषित सामाजिक दूरीको आवश्यकताहरु मानिसहरुले पालना गर्नुपर्दछ, जस्तै, उदाहरण दिने तरिकाले मात्रै र सिमा बिना, हिड्ने, पैदल यात्रा गर्ने, बाईक चलाउने वा कुद्ने । घर बाहिरका क्रियाकलापको लागि, हिड्न, पैदल यात्रा गर्न, बाईक चलाउन वा कुद्न भनेर डेन्भरका पार्कहरु खुल्ला रहनेछन्  तर सबै खेल मैदान, गल्फ कोर्स, टेनिस कोर्ट, बास्केटबल कोर्ट, पिकनिक गर्ने क्षेत्रहरु, र अन्य यस्ता सर्वसाधारण मानिसहरु जमघट गर्न अनुकुल रहेका ठाउँहरु बन्द गरिनेछ । यसका अतिरिक्त, यस आदेशमा अनुमति दिइएको घरबाहिरका क्रियाकलापमा यस खण्डमा परिभाषित गरिएको सामाजिक दूरीका आवश्यकताहरु उल्लङ्घन गर्ने समूह खेलकुद तथा क्रियाकलापहरु समावेश हुदैंन, जस्तै, उदाहरण दिने तरिकाले मात्रै र सिमा बिना, फुटबल खेल वा भलिबल खेलहरु ।

iv. अत्यावश्यक काम हुने क्षेत्रहरुमा आवश्यक उत्पादन तथा सेवाहरु प्रदान गरिरहेको कामहरु गर्नको लागि वा अन्यथा न्यूनतम आधारभुत कामहरु सञ्चालनसहितका विशेषगरि यस आदेशमा स्वीकृत गरिएका क्रियाकलापहरु सञ्चालन गर्नको लागि ।

ख. **<u>स्वास्थ्य हेरचाह गर्ने कामहरु सञ्चालनः</u>** यस आदेशको उद्देश्यको लागि, मानिसहरु "स्वास्थ्य हेरचाह गर्ने कामहरु सञ्चालन" सम्बन्धि कामहरु गर्न वा त्यहाँका सेवाहरु प्राप्त गर्न भनेर आफू बसेको ठाउँहरु छोड्न सक्दछन्, यसमा पर्ने तर सीमित नरहेका कुराहरु यस प्रकारका छन्:



i. अस्पताल, क्लिनिक, र स्वास्थ्य सेवा पाइने ठाउँहरुमा हिड्दा
ii. मेडिकल तथा दन्त सेवा, वैकल्पिक प्रक्रियाहरु बाहेक
iii. अनुसन्धान तथा प्रयोगशाला सेवाहरु
iv. मेडिकल थोक विक्री तथा वितरण
v. घरको स्वास्थ्य सेवा कम्पनी, कामदार र अनुदान सहयोग
vi. फार्मेसीहरु
vii. फर्मासेउटिकल (औषधि सम्बन्धि) र बायोटेक्नोलोजिकल (जैविक प्रविधि) सम्बन्धि कम्पनीहरु
viii. व्यवहारगत स्वास्थ्य हेरचाह प्रदायकहरु
ix. नर्सिङ होम, आवासीय स्वास्थ्य हेरचाह, वा एकीकृत हेरचाह सेवाहरु
x. मेडिकल सामानहरुको आपूर्ति तथा उपकरण उत्पादनकर्ता तथा प्रदायकहरु, वा कुनै सम्बन्धित र/ वा सहायक स्वास्थ्य हेरचाहका सेवाहरु
xi. भेटेरेनरी सेवा, पशुचौपाया सेवा, र जनावरहरुलाई प्रदान गर्ने स्वास्थ्य हेरचाह सेवाहरु
xii. जनावरका बासस्थान तथा घरपालुवा जनावरहरुको बोर्डिङ गर्ने सेवाहरु

xiii. यो छुट बृहत रुपमा परिभाषित गर्दै, स्वास्थ्य हेरचाह सेवा दिदाँ हुने कुनै पनि प्रभावहरु हटाउन भनेर मोटामोटी रुपमा बनाइनेछ।

xiv. "स्वास्थ्य हेरचाह गर्ने कामहरु सञ्चालन" ले स्वास्थ्य क्लब, फिटनेस तथा व्यायाम गर्ने जिम, र यस्तै सेवाहरु समावेश गर्दैन।

ग. <u>**अत्यावश्यक पूर्वाधारः**</u> यस आदेशको उद्‌देश्यको लागि, मानिसहरु "अत्यावश्यक पूर्वाधार" को कार्य सञ्चालन र मर्मतको लागि आवश्यक कुनै पनि सेवा प्रदान गर्न वा कामहरु गर्न आफू बसेको ठाउँहरु छोड्न सक्दछन्, यसमा पर्ने तर सीमित नरहेका कुराहरु यस प्रकारका छन्:

i. बत्तीको जेनरेटर, ईन्धन आपूर्ति, तथा ट्रान्समिसन सहितको उपयोगी कुराहरु

ii. पानी, ढल, ग्याँस, तथा विद्युतीय सेवाहरु

iii. सार्वजनिक कामका निर्माणहरु

iv. आवासको निर्माण र सस्तो आवासको घरहरु वा घरबार बिहिन रहेका मानिसहरुको लागि घरहरु

v. सार्बजनिक पूर्वाधार र सेवाहरुको लागि सरकारी निर्माण

vi. कुनै पनि अत्यावश्यक कामहरु सञ्चालन गर्ने क्रममा सहयोग गर्न वा मिलाउन आवश्यक रहेका निर्माण

vii. बत्तीको काम गर्ने ईलेक्ट्रिसियन तथा पाईपको काम गर्ने प्लम्बर जस्तो सीपयुक्त पेशाहरु

viii. सुरक्षा, स्वच्छता, र बसोबास गर्ने ठाउँको आवश्यक सञ्चालनको काम मिलाउन आवश्यक सेवा प्रदान गर्ने अन्य सम्बन्धित संस्था तथा पेशाकर्मीहरु

ix. विमानस्थलका कामहरु सञ्चालन (यात्रु र कार्गोको कामहरु सञ्चालन गर्न तथा सेवाहरु सहित)

x. तेल शुद्‌ध गर्ने, तेल तथा ग्याँसका कामहरु सञ्चालन

xi. सडक तथा राजमार्गहरु

xii. सार्वजनिक यातायातका साधनहरु

xiii. ठोस फोहोर संकलन तथा हटाउने

xiv. कम्प्यूटरसम्बन्धि सेवा, व्यवसायका पूर्वाधार, सञ्चार, र वेबमा आधारित सेवाहरुको लागि आवश्यक विश्वव्यापी, राष्ट्रिय, तथा स्थानीय पूर्वाधारसहितको ईन्टरनेट तथा दूरसञ्चारका प्रणाली



घ. <u>**अत्यावश्यक सरकारी कामकाजहरुः**</u> यस आदेशको उद्‌देश्यको लागि, अत्यावश्यक काम गर्ने ठाउँमा काम गरिरहेका वा सहयोग गर्ने कर्मचारीहरुलाई यस आदेशबाट स्पष्ट रुपमा नै छुट रहेको छ र यस आदेशको कुनै पनि कुराले कुनै पनि व्यक्तिलाई "अत्यावश्यक सरकारी कामकाजहरु" मा काम गर्न वा पहुँच पुर्याउन प्रतिबन्ध लगाउने छैन, जसको मतलब सरकारी एजेन्सी तथा विभागहरुको निरन्तर कार्य सञ्चालन गरेको, सर्वसाधारण मानिसहरुको स्वास्थ्य, यातायात, र कल्याणको लागि सेवाहरु प्रदान गरेको सुनिश्चित गर्न आवश्यक सबै सेवाहरुलाई जनाउँदछ। त्यसकारण, मानिसहरु "अत्यावश्यक सरकारी कामकाजहरु" प्रदान गर्न, सञ्चालन गर्न, र सहायता गर्न आफू बसेको ठाउँहरु छोड्न सक्दछन्, यसमा पर्ने तर सीमित नरहेका कुराहरु यस प्रकारका छन्:

i. सार्वजनिक सुरक्षा अधिकारीहरु

ii. कानुनको कार्यान्वयन

iii. आगो रोकथाम तथा प्रतिक्रिया

iv. भवन आचारसंहिताको कार्यान्वयन
v. सुरक्षा पदाधिकारी
vi. आपतकालिन स्थितिको व्यवस्थापन तथा प्रतिक्रिया
vii. आपतकालिन अवस्थाका सामानहरु पुर्याउने
viii. सार्वजनिक तथा वातावरणीय स्वास्थ्यसम्बन्धि कामहरु
ix. अदालतको कर्मचारी
x. सैनिक पदाधिकारी
xi. कोलोराडो राज्यको व्यवस्थापिका संसद
xii. कोलोराडो राज्य, काउण्टी, र नगर अदालतहरु
xiii. डेन्भर शहर परिषद
xiv. अन्य डेन्भर शहर बोर्ड, आयोग, तथा अर्ध-न्यायिक कार्य गर्ने संस्था
xv. सबै आवश्यक सरकारी कार्यहरु सम्भव भएसम्म, यस खण्डमा परिभाषित गरेअनुसार सामाजिक दूरीको आवश्यकता पालना हुनेगरि गर्नुपर्नेछ ।

ङ. यस आदेशको उद्देश्यको लागि, यसले समेट्ने कामहरुमा तिनीहरुको सेवाको प्रकृति, तिनीहरुले गर्ने काम, वा तिनीहरुसँग सहकार्य गरेको संस्था वा संस्थाको संरचना भएको कुनै पनि नाफामूलक, गैह्र-नाफामुलक, वा शैक्षिक संस्थाहरु पर्दछन् ।

च. **अत्यावश्यक कामकाजः** यस आदेशको उद्देश्यको लागि, मानिसहरुले कुनै पनि "अत्यावश्यक कामकाज" सम्बन्धि काम गर्न वा सेवाहरु प्राप्त गर्नको लागि आफू बसेको ठाउँ छोड्न सक्दछ, जसमा यस आदेशको उद्देश्य भन्नाले निम्न कुराहरु बुझिन्छ ।

i. स्वास्थ्य हेरचाहको गर्ने सञ्चालन गर्ने संस्था, अत्यावश्यक पूर्वाधार, र अत्यावश्यक सरकारी कामकाज;
ii. किराना पसलहरु, प्रमाणित किसानको बजारहरु, खेती तथा उत्पादित ठाउँहरु, सुपरमार्केट, खाना पाईने फुड बैङ्क, सुबिधाजनक पसलहरु, र बट्टाको खानाको थोक बिक्रीमा संलग्न रहेका अन्य संस्थाहरु, सुख्खा सामानहरु, ताजा फलफुल र तरकारीहरु, घरपालुवा जनावरहरु आपूर्ति गर्ने संस्था, ताजा मासु, माछा, र कुखुराजन्य उत्पादन, र अन्य कुनै घरायशी उपभोग्य उत्पादनहरु (जस्तै सरसफाई गर्ने र व्यक्तिगत हेरचाह उत्पादनको रुपमा) ।



यसमा किराना सामानहरु बिक्री गर्ने र अन्य किराना बाहेकका सामानहरु बिक्री गर्ने, सुरक्षा, सरसफाई राख्न र बसोबास गर्ने ठाउँको सञ्चालनमा आवश्यक उत्पादनहरुको पसलहरु पनि समावेश हुन्छ;

iii. खेती, पशुपालन, र माछापालनसहितको खानेकुराका बोटबिरुवा रोप्ने;
iv. आर्थिक रुपमा पिछडिएको वा आवश्यक रहेका मानिसहरुको लागि खाना, आवास, र सामाजिक सेवा, र अन्य जीवनको लागि आवश्यक कुराहरु प्रदान गर्ने कामहरु;
v. पत्रपत्रिका, टेलिभिजन, रेडियो र अन्य सञ्चार सेवाहरु;
vi. ग्याँस स्टेसन र अटो-आपूर्ति, अटो-मर्मत, र सम्बन्धित सेवाहरु;
vii. बैङ्क तथा सम्बन्धित वित्तीय संस्थाहरु;

viii. हार्डवेयर पसलहरु;

ix. सुरक्षा, सर-सफाई कायम राख्न आवश्यक रहेको, बसेको ठाउँमा कामहरु गर्न आवश्यक कुराहरु, आवश्यक गतिबिधि, र आवश्यक कामहरु गर्न चाहिने प्लम्बर, ईलेक्ट्रिसियन, किटनाशक बिषादी छर्ने मानिसहरु र अन्य सेवा प्रदायकहरु;

x. पोष्ट अफिस बक्स सहितको मेल गर्ने र ढुवानी सेवा गर्ने कामहरु;

xi. शैक्षिक संस्थाहरु- K-12 विद्यालय, कलेज र विश्वबिद्यालयहरुसहित- दूर शिक्षा दिने वा आवश्यक कार्यहरु गर्ने उद्देश्यको लागि, दिइएको प्रति व्यक्ति छ-फिटको दुरी सम्भवभएसम्म कडाईका साथ पालना गर्नुपर्छ;

xii. लुगा धुने लौण्ड्रीम्याट, ड्राई क्लिनर्स, र लौण्ड्री सेवा प्रदायकहरु;

xiii. खाना तयार गर्ने र खाना दिने रेस्टुरेण्ट तथा अन्य सेवाहरु, तर पुर्याउन जानको लागि मात्रै, कार्यकारी निर्देशकको मार्च १६, २०२० र मार्च १७, २०२० मा संशोधित सार्वजनिक स्वास्थ्य आदेश र मार्च १६, २०२० मा गरिएको गर्भनरको कार्यकारी आदेशमा स्पष्ट पारिएअनुसार लैजान वा गाडीमा पुर्याउन जान सक्दछ। सामान्यतयाः विद्यार्थी वा सार्वजनिक संस्थाको सदस्यहरुलाई निःशुल्क खानेकुराको सेवा पुर्याउने विद्यालय तथा अन्य संस्थाहरुले यदि त्यो खाना विद्यार्थी वा सार्वजनिक ठाउँको सदस्यहरुको लागि हो भन्ने शर्तमा लिन-पुर्याउन जाने र लैजाने आधारमा मात्रै यस आदेशअन्तर्गत त्यस्तो गर्न सक्दछ। विमानस्थलमा खानेकुरा तथा पेयपदार्थ तयार गर्ने र दिने रेष्टुरेन्ट र अन्य संस्थाहरुले सो ठाउँमा खानेकुरा दिन सक्दछ, तर सामाजिक दूरीको आवश्यक नियम भने पालना गर्नै पर्दछ। काम गर्ने बेला, विद्यालय तथा अन्य संस्थामा खाना खानै पर्ने कर्मचारी तथा स्वयमसेवक बाहेक अन्यलाई यस छुटअन्तर्गतको खाना दिने सेवामा दिइएको ठाउँ, वा कुनै अन्य भेला भएको ठाउँमा खाना खान अनुमति छैन;



xiv. सञ्चार र एकआपसमा जोडिनको लागि आवश्यक रहेको हार्डवेयर वा सफ्टवेयर प्रदान गर्ने प्रविधि आपूर्तिकर्तासहितको घरबाट काम गर्न र सिक्नको लागि मानिसहरुलाई चाहिने उत्पादनहरु आपूर्ति गर्ने कामहरु;

डेनभर डिपार्टमेन्ट अफ पब्लिक हेल्थ एण्ड इन्भाइरोमेन्ट
101 W Colfax Ave, Suite 800 I Denver, CO 80202
www.denvergov.org/PublicHealthandEnvironment
p.720 -913 -1311 I f. 720-8 65-5531 I @DDPHE

xv. कामहरु गर्न आवश्यक सहयोग वा आपूर्ति कुराहरू अन्य आवश्यक व्यवसायहरुलाई आपूर्ति गर्ने व्यवसायहरु;

xvi. किराना सामानहरु, खानेकुरा, सामान वा सेवाहरु सिधैं मानिसहरुको घरमा ढुवानी गर्ने वा पुर्याउन जाने व्यवसायहरु;

xvii. भित्री/ बाहिरी मलहरुले अत्यावश्यक कामहरु गर्नुपर्दा र पहुँच गराउन खोल्नुपर्दा बाहेक अरु अवस्थामा बन्द गर्नुपर्दछ;

xviii. ईजाजतपत्र प्राप्त गरेको गाँजाका पसलहरु;

xix. एयरलाईन्स, ट्याक्सीहरु, अन्य सेवा प्रदायकहरु, र अत्यावश्यक क्रियाकलाप तथा यस आदेशमा अधिकार प्राप्त गरिसकेका अन्य उद्देश्यहरुको लागि आवश्यक पर्ने यातायात सेवा प्रदान गरिरहेका यातायात सेवा;

xx. जेष्ठ नागरिक, वयस्क, वा बालबालिकाको लागि घरमा आधारित हेरचाह। आया र बच्चा हेर्ने मानिसहरुले निम्न अवस्थाहरुसम्ममा यस आदेशअन्तर्गत आया र बच्चा हेर्ने सेवालाई अनुमति प्राप्त गर्दैनन् (१) तिनीहरुले हेरचाह सेवा प्रदान गरिरहेको जेष्ठ नागरिक, वयस्क, वा बालबालिकाको घरमा बसेको बेलामा, (२) जेष्ठ नागरिक, वयस्क, वा बालबालिकालाई मेडिकल सेवा दिँदा, वा (३) अत्यावश्यक काम गर्न वा आवश्यक सरकारी कामकाजहरु गर्न जेष्ठ नागरिक, वयस्क, वा बालबालिकाको आमाबुवा वा अभिभावकलाई सहयोग गर्न सेवा प्रदान गर्दा;

xxi. जेष्ठ नागरिक, वयस्क, वा बालबालिकाको लागि होटल, मोटल, र बासस्थानसहित आवासीय संस्था तथा सेवाहरु;

xxii. कानुनी रुपमा अनिवार्य रहेको क्रियाकलापहरु पालना गर्ने क्रममा सहयोग चाहिँएको बेलामा कानुनी, बिमा, हिसाबकिताब, वा कर तयारी सेवा जस्ता पेशागत सेवाहरु;

xxiii. चर्च, प्रार्थना हल, पूजाघर, र मस्जिद सहित तर यसमा सीमित नरहेको, विश्वासमा आधारित संस्थाहरु र पुजा गर्ने आस्थाका घरहरु; यद्यपि यी संस्थाहरुलाई साना मण्डलीहरुलाई सेवा र/ वा अझैं बढि सेवाहरुको लागि विद्युतीय प्लेटफर्म कार्यान्वयन गर्न सशक्त ढंगले प्रोत्साहन गरिन्छ।

xxiv. यस आदेशमा छुट दिइएको सेवारत बालबालिका हेरचाह सुबिधाहरुका कर्मचारीहरुले अनुमति दिएअनुसारको काम गर्न सक्दछ। सम्भवभएसम्ममा, र हाल रहेको कानुनअनुसार, बालबालिका हेरचाह सुबिधा दिने संस्थाहरुले निम्न अनिवार्य शर्तहरु अन्तर्गत काम गर्नै पर्दछः



डेनभर डिपार्टमेन्ट अफ पब्लिक हेल्थ एण्ड इन्भाइरोमेन्ट
101 W Colfax Ave, Suite 800 I Denver, CO 80202
www.denvergov.org/PublicHealthandEnvironment
p.720 -913 -1311 I f. 720-8 65-5531 I @DDPHE
**311 I POCKETGOV.COM I DENVERGOV.ORG | DENVER 8 TV**

i. बच्चाहेरचाह १० वा सोभन्दा कम स्थीर समूहहरुमा गर्नुपर्दछ ("स्थीर" भन्नाले हरेक दिन एउटा समूहमा एउटै १० वा कम बालबालिका हुन्छ भन्ने जनाउँदछ ।)

ii. बालबालिकालाई एउटा समूहबाट अर्को समूहमा परिवर्तन गरिनुहुदैँन ।

iii. यदि एउटा संस्थामा बालबालिकाको एउटाभन्दा बढि समूहलाई हेरचाह गरियो भने, हरेक समूहलाई छुट्टै कोठामा राखिनेछ । समूहहरु एकअर्कामा मिलाइने छैन । बालबालिका हेरचाह प्रदायकहरु बालबालिकाको एउटा मात्रै समुहमा मुख्यरुपमा रहनेछ ।

छ. **न्यूनतम आधारभूत कार्यसञ्चालनः** यस आदेशको उद्देश्यको लागि, " न्यूनतम आधारभूत कार्यसञ्चालन" भित्र निम्न कुराहरुभित्र निम्न कुराहरु समावेश हुन्छ, त्यसैले कर्मचारीहरुले ती कामहरु गरेको बेलामा, सम्भवभएसम्म धैरे कर्मचारीले सामाजिक दूरीको आवश्यकताहरु पालना गर्नुपर्दछः

i. व्यवसायको सामानहरुको सूची, धितो सुनिश्चित गर्न, भुक्तानी किताब र कर्मचारीहरुको लाभ, वा सम्बन्धित कामहरुको महत्व कायम राख्न न्यूनतम आवश्यक क्रियाकलापहरु ।

ii. व्यवसायका कर्मचारीहरुले टाढा बसेर आफ्नो घरबाट निरन्तर काम गर्ने हुन सक्दा गर्नुपर्ने न्यूनतम आवश्यक क्रियाकलाप ।

iii. व्यवसायका कर्मचारीहरुले अनलाईन उत्पादन अर्डर निरन्तर भर्न सक्ने भएर ग्राहकको अर्डर टाढा बसेर निरन्तर काम गर्ने हुन सक्दा गर्नुपर्ने न्यूनतम आवश्यक क्रियाकलाप ।

ज. **अत्यावश्यक यात्राः** यस आदेशको उद्देश्यको लागि, "अत्यावश्यक यात्रा" भित्र तलका कुनै पनि उद्देश्य समावेश भएको हुन्छ । कुनै पनि अत्यावश्यक आवतजावतमा लाग्नु पर्ने मानिसले यस खण्डमा परिभाषित गरिएका सबै सामाजिक दूरीको आवश्यकता पालना गर्नुपर्दछ ।

i. अत्यावश्यक क्रियाकलाप, अत्यावश्यक सरकारी कामकाज, अत्यावश्यक काम, वा न्यूनतम आधारभुत कार्य सञ्चालनको प्रावधान वा पहुँचसँग सम्बन्धित कुनै यात्रा ।

ii. बुढापाका, नाबालक, आश्रित मानिस, शारीरिक रुपमा अशक्त, वा अन्य असुरक्षित व्यक्तिहरुलाई हेरचाह गर्ने यात्रा ।

iii. टाढा बसेर सिक्नको लागि सामानहरु प्राप्त गर्ने उद्देश्यको लागि, खानाहरु प्राप्त गर्नको लागि, र कुनै अन्य सम्बन्धित सेवाहरुको लागि शैक्षिक संस्थाहरुसम्म वा संस्थाहरुबाट यात्रा ।

iv. क्षेत्राधिकारभन्दा बाहिरको ठाउँबाट आफू बस्ने ठाउँमा फर्कने यात्रा ।

v. कानुन कार्यान्वयन पक्ष वा अदालतको आदेशद्वारा आवश्यक यात्रा ।

vi. गैर-निवासी मानिसहरुले डेन्भर बाहिर उनीहरुको आफू बस्ने ठाउँमा फर्कदा यात्रा गर्नुपर्ने हुन्छ । मानिसहरुलाई तिनीहरुलाई डेन्भर बाहिर जानको लागि यातायातको साधन उपलब्ध छ र त्यो यात्रा सुरु गर्नुभन्दा अगाडि सेवा दिईरहेको छ कि छैन भनेर प्रमाणित गर्न सशक्त ढंगले प्रोत्साहन गरिन्छ ।

झ. **निवासः** यस आदेशको उद्देश्यको लागि, निवासभित्र होटल, मोटल, मिलेर बसेको भाडाका ठाउँहरु, र यस्तै ठाउँहरु समावेश हुन्छ ।

ञ. **सामाजिक दूरीको आवश्यकताः** यस आदेशको उद्देश्यको लागि, सामाजिक दूरी आवश्यकताभित्र तलका सबै कुराहरु समावेश भएका हुन्छन् (१) अरु मानिसहरुसँग कम्तिमा पनि छ-फिटको सामाजिक दूरी कायम गर्ने; (२) सम्भवभएसम्म धैरै पटक कम्तिमा पनि बीस सेकेण्ड साबुन र पानीले हात धुने वा हात पानीले मिचि मिचि पखाल्न नपाउँदा, हातमा लगाउने स्यानिटाईजर प्रयोग गर्ने, खोक्दा वा हाच्छुँ गर्दा छोपेर गर्ने (बाहुला वा कुहिनोले, हातले होइन); (३) धैरै- पटक हातले छुने ठाउँ नियमित रुपमा सफा गर्ने; र (४) हात नमिलाउने गर्नुपर्छ ।

७. डेन्भरको संशोधित नगर संहिता खण्ड २४- २४ अनुसार, कुनै पनि व्यक्तिले यस आदेशलाई पालना नगर्नु गैर-कानुनी हुनेछ । कुनै व्यक्ति यो कानुन पालना गर्न असफल भएमा पनि निजले प्रत्येक पटक उल्लङ्घन गर्दा नौं सय उनान्सय डलर ($९९९.०) नागरिक जरिवाना पनि तिर्नुपर्ने हुन्छ । कार्यान्वयन गराउने कदमहरु बढाउदै जाने खालको प्रकृतिको हुन्छ र डेन्भरले एउटा वा सोभन्दा बढि नागरिक, आपराधिक, र प्रशासनिक कदमहरु, शुल्क, जरिवाना, सजाय, दण्ड, फैसला, र समाधानहरु खोज्न सक्दछ, र त्यो निरन्तर वा क्रमबद्ध रुपमा राखिएको हुन सक्छ ।

८. यो आदेश मार्च २४, २०२० साँझ ५:०० बजेदेखि प्रभावकारी हुनेछ, र यसलाई सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले विस्तार, पुनः खण्डन, अर्को नल्याउँदा, वा लिखित रुपमा संशोधन नगरिँदासम्म अप्रिल १०, २०२० साँझ ५:०० सम्म रहनेछ ।

९. यदि यस आदेशको कुनै प्रावधान, वा यसमा परेको कुनै व्यक्ति वा घटनाको निवेदन, अवैधानिक भनेर रोकियो भनें, त्यस्तो भाग वा प्रावधानको निवेदनसहितको पछिको आदेशको बाँकी भाग अन्य मानिस वा अवस्थाहरुलाई, असर गर्ने छैन र पुरै लागू र सुरु हुनेछ । यसको अन्त्यमा, यस आदेशको प्रावधानहरु अलग सकिने खालका छन् ।

१०. यस आदेशसम्बन्धि प्रश्नहरु डेन्भर ३-१-१ मा निर्देशित गर्न सकिन्छ । डेन्भरभित्रको मानिसहरुले, ३-१-१ डायल गर्नुहोस् र डेन्भर बाहिरका मानिसहरुले लागि ७२०-९१३-१३११ डायल गर्नुहोस् ।

जारी गर्ने व्यक्तिः

सहीः आफैं

रोबर्ट एम. म्याकडोनाल्ड

सार्वजनिक स्वास्थ्य प्रशासक, डेन्भर सिटी तथा काउण्टी

कार्यकारी निर्देशक, डेन्भर सार्वजनिक स्वास्थ्य तथा वातावरण विभाग